# आफ्नो बच्चाको विद्यालयमा जातिवाद र भेदभावको उजुरी कसरी गर्ने?



Nepali

**तपाईंको बच्चालाई विद्यालय समुदायहरूमा सम्मानपूर्ण, आत्मीय र समान व्यवहार पाउने अधिकार छ।**

**धर्म वा जातिको आधारमा भेदभाव वा दुर्व्यवहार सहन गरिने छैन।**

यदि तपाईं आफ्नो विद्यालयमा धार्मिक वा जातीय भेदभाव वा दुर्व्यवहार अनुभव गरेको वा देखेको बच्चाको अभिभावक वा हेरचाहकर्ता हुनुहुन्छ भने, हामी तपाईंलाई यसको रिपोर्ट गर्न प्रोत्साहित गर्दछौं।

विद्यालयका कर्मचारीहरूले उपयुक्त कारबाही र सहयोग उपलब्ध गराउने सुनिश्चित गर्न सक्छन्।

तपाईंले यस्ता घटनाको बारेमा स्कूल वा क्षेत्रीय कार्यालयमा औपचारिक उजुरी दिन सक्नुहुन्छ।

थप जानकारीको लागि यो वेबसाइट हेर्नुहोस्: आफ्नो विद्यालयको बारेमा गुनासो वा चिन्ता व्यक्त गर्नुहोस् (education.vic.gov.au)

## जातिवाद घटनालाई नस्लवाद रिपोर्ट हटलाइन (REPORT RACISM HOTLINE) मा रिपोर्ट गर्नुहोस्

**Report Racism Hotline**

1800 722 476

report.racism@education.vic.gov.au

यो हटलाइन सार्वजनिक बिदाको दिन बाहेक सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि बेलुकी 5 बजेसम्म उपलब्ध छ।

यदि तपाईं तपाईंको बच्चाको विद्यालयमा भएको घटना रिपोर्ट गर्न सहज मान्नु हुन्न भने, वा यदि तपाईं विद्यालयको प्रतिक्रियासँग खुशी हुनुहुन्न भने, तपाईंले विभागको Report Racism Hotline मा सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईंले हटलाइनमा फोन गरेर निम्न कुराहरू गर्न सक्नु हुनेछ:

- उजुरी गर्ने बारे छलफल
- उपलब्ध विकल्पहरू र तपाईंको अर्को कदम बारे विचार गर्न
- क्षेत्रीय अधिकारी र सहयोग सेवाहरूमा सम्पर्क गर्न मद्दत प्राप्त गर्न।

## PARENTLINE मार्फत टेलिफोन परामर्श र सहयोग प्राप्त गर्नुहोस्

**Parentline**

13 22 89

www.parentline.vic.gov.au

Parentline सार्वजनिक बिदाको दिनसहित हप्ताको सातै दिन बिहान 8 बजे देखि मध्यरात सम्म उपलब्ध छ।

विभागबाट स्वतन्त्र रहेका योग्य परामर्शदाताबाट परामर्श र सहयोग माग्नको लागि पनि तपाईंले Parentline लाई सम्पर्क गर्न सक्नुहुन्छ।

Parentline जन्म देखि 18 वर्षसम्मका बच्चाहरूको आमाबाबु र हेरचाहकर्ताहरूको लागि उपलब्ध एक गोप्य र बेनामी परामर्श टेलिफोन सेवा हो।

परामर्शदाताहरू स्कूलमा भएका भेदभाव वा दुर्व्यवहार लगायत विभिन्न अभिभावकीय समस्याहरूका बारेमा कुरा गर्न उपलब्ध छन्।

## उपयोगी जानकारी

स्कूलहरूमा धार्मिक वा जातीय भेदभाव र दुर्व्यवहार रिपोर्ट गर्ने बारे थप जानकारीको लागि यो वेबसाइट हेर्नुहोस्: विद्यालयहरूमा हुने जातिवाद वा धार्मिक भेदभावको रिपोर्ट गर्नुहोस् (education.vic.gov.au)

जातिवादी धम्की लगायत डरधम्की (बुलिइंग) को सामना गर्ने बारे थप जानकारी र संसाधनहरूका लागि यो वेवसाइट हेर्नुहोस्: बुली स्टपर्स (Bully Stoppers) (education.vic.gov.au)

### अनुवाद र दोभाषे सेवा (TIS)

Interpreter

दोभाषे सेवाहरू चाहिने अभिभावक वा हेरचाहकर्ताहरूले राष्ट्रिय अनुवाद र दोभाषे सेवा (TIS) लाई 13 14 50 मा फोन गरेर विभाग वा Parentline लाई सम्पर्क गर्न सक्छन्।

THE EDUCATION STATE

VICTORIA State Government | Education and Training